# रोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कटुञ्जेवेशी, काभ्रेपलाञ्चोक

### प्रदेश नं. ३,नेपाल

## आ.व. २०७६।७७ का लागि

## आन्तरिक आय ठेक्काको
## प्रस्तावनापत्र

| | |
|---|---|
| आन्तरिक आय संकेत नं. | RRM/IR/२/२०७६/०७७ |
| **ठेक्काको विषय क्षेत्र :** | रोशी गाउपालिका क्षेत्र भित्रभएर प्रयोग हुने ढुंगा,गिट्टी,वालुवा, माटो, बाँस आदी प्राकृतिक एवं खानीजन्य वस्तुको बिकी तथा निकासी शुल्क दस्तुर संकलन (संलग्न ल.इ वमोजिम) |

## पृष्ठभूमि

१. स्थानीय सरकार सञ्चालन ऐन तथा प्रदेश आर्थिक ऐनको प्रावधान अनुसार गाउँपालिकाले "ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरी ढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क संकलन गर्न सक्ने ।
२. संघीय सरकारले राष्ट्रिय गौरवका पुर्वाधार निर्माण आयोजनाहरु निर्माण गरिरहेकोले ढुंगा, गिटी, बालुवा, माटो जस्ता प्राकृतिकएवं खानीजन्य वस्तुको माग बढिरहेको,
३. यस गाउँपालिकाको आन्तरिक आम्दानीका लागि कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्र पर्ने देहायका क्षेत्रबाट आम्दानीगर्न सक्ने देखिएको ।

## ख. बिक्री तथा निकासी शुल्क दस्तुर निर्धारणको आधार र प्रकृयाः

यस गाउँपालिकाको आ व ०७५/०७६ मा २०७५ कार्तिक २८ गतेदेखि ठेक्का वन्दोवस्त भएको । २०७५ श्रावण १ गतेदेखि कार्तिक २८ गते सम्म गाउँपालिका आफैंले रु १८२४११५०। संकलन गरेको छ । ठेक्का वन्दोवस्त भएको रु ७०९६०८८४। भ्याट बाहेक र आफैंले संकलन गरेको दुवैको जोड ८५९९४१३४ हुन आउँछ ।यसरी चालु आ व को प्रवृत्तिगत विश्लेषण र आ इ इ को प्रतिवेदन अनुसार आगामी आ व का लागि देहाय अनुसारको लागत ईस्टीमेट स्वीकृती गरीएको ।

**रोशी गाउँपालिका क्षेत्र भित्र उत्खनन्/ संकलन हुने नदीजन्य पदार्थतथा निजी जग्गाबाट उत्पादन हुने साधारण निर्माणमुखी खनिज पदार्थको विवरण रअनुमानित आयको विवरण**

| | | | | | | **आर्थिक वर्ष :२०७६/७७** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | खानी/खोला | उत्खनन्/संकलन क्षेत्रको विवरण | ठेगाना | IEE प्रतिवेदन अनुसार उत्खनन् योग्य परिमाण (वार्षिक)घ.मि. | घन फिट ( प्रति घ.मि.) | IEE प्रतिवेदन अनुसार उत्खनन् योग्य परिमाण (वार्षिक)घ.मि. जम्मा घ.फिट | रोशी गा.पा. बाट लगाइने उत्खनन् योग्य परिमाण -वार्षिक घ.फि.) जम्मा घ.फि (पहिलो पटक १० प्रतिशत घटाएको) | रोशी गा.पा. बाट लगाइने उत्खनन् योग्य परिमाण -वार्षिक घ.फि.) जम्मा घ.फि दोश्रो पटक १० प्रतिशत घटाएको) | रोशी गा.पा. बाट लगाइने उत्खनन् योग्य परिमाण -वार्षिक घ.फि.) जम्मा घ.फि तेश्रो पटक १५ प्रतिशत घटाएको) | प्रदेशबाट स्वीकृत राजस्वको दर: संकलन शुल्क | प्रदेशबाट स्वीकृत राजस्वको दर: बिक्रि | जम्मा | जम्मा अनुमानित रकम (मु.अ.कर बाहेक) |
| १ | निजी खानी | पलाञ्चोकभगवती बालुवा तथा ढुंगा उद्योग प्रा.लि.को निजि खानीबाट उत्पादन हुने साधारणनिर्माणमुखी खनिज (ढुंगा) | रोशीगा.पा.-८ | 75600 | 35.28 | 2667168 | ***2400451.2*** | ***2160406.08*** | ***1836345.168*** | ***0*** | ***6*** | 6 | 11018071.01 |
| २ | निजी खानी | सुप्रिमस्टोन प्रा.लि.को निजि खानीबाट उत्पादनहुने साधारण निर्माणमुखी खनिज (ढुंगा) | रोशीगा.पा.-९ | 81000 | 35.28 | 2857680 | ***2571912*** | ***2314720.8*** | ***1967512.68*** | ***0*** | ***6*** | 6 | 11805076.08 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | निजी खानी | नाङ्गशालढुंगा रोडा उद्योगकोनिजि खानीबाटउत्पादन हुने साधारण निर्माणमुखी खनिज (ढुंगा) | रोशीगा.पा.-८ | 20160 | 35.28 | 711244.8 | ***640120.32*** | ***576108.288*** | ***489692.0448*** | ***0*** | ***6*** | 6 | 2938152.269 |
| ४ | खोला | भ्याकुरे खोलाबाट उत्खनन् हुने रोडा ढुंगा बालुवा ग्राभेल | रोशीगा.पा.-११ | 42660 | 35.28 | 1505044.8 | ***1354540.32*** | ***1219086.288*** | ***1036223.345*** | ***3*** | ***6*** | 9 | 9326010.103 |
| ५ | खोला | नार्के खोलाबाट उत्खनन् हुने रोडा ढुंगा बालुवा ग्राभेल | रोशीगा.पा.-८ | 34425 | 35.28 | 1214514 | ***1093062.6*** | ***983756.34*** | ***836192.889*** | ***3*** | ***6*** | 9 | 7525736.001 |
| ६ | खोला | माम्ति खोलाबाट उत्खनन् हुने रोडा ढुंगा बालुवा ग्राभेल | रोशीगा.पा.-१२ | 46704 | 35.28 | 1647717.12 | ***1482945.408*** | ***1334650.867*** | ***1134453.237*** | ***3*** | ***6*** | 9 | 10210079.13 |
| ७ | खोला | सनी खोलाबाट उत्खनन् हुने रोडा ढुंगा बालुवा ग्राभेल | रोशीगा.पा.-4 | 36313.2 | 36.28 | 1317442.896 | ***1185698.606*** | ***1067128.746*** | ***907059.4339*** | ***3*** | ***6*** | 9 | 8163534.905 |
| ८ | काठ | माटो | | | | | **270000** | **243000** | ***206550*** | | | | 206550 |
| | | जम्मा | | 336862.20 | | 11920811.62 | | | | | | | **61,193,209.50** |

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

आय ठेक्का नं.:-

आय ठेक्का शिर्षक :-

## बोलपत्र फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
रोशी गाउँ कार्यपालिकको कार्यालय
कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक ।

विषय : बोलपत्र पेश गरेको बारे ।

तहाँ कार्यालयको मिति २०७६/०६/१४ को शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अकं खुलाई देहाको शिलबन्दी बोलपत्र पेश गरेको छु । बोल अकंको ५ % धरौटी वापतको रकम रोशी गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे स्थीत धरौटी खाता नं. ०३६१५०३१७२१ काम सम्पन्न भएपछी वा ठेक्का अस्वीकृत भएपछी फिर्ता पाउने गरी ........................................... बैंक लि. .................................. को मिति ........................म्याद भएको रु. ......................... को सक्कलै बैंक भौचर/वीड बण्ड यसै साथ सलग्न राखी तपशिल बमोजिमको ठेक्का विवरण उल्लेख गरी पेश गरेको छु ।

**<u>संलग्न कागजातहरु :-</u>**

१ ...........................................
२ .............................................
३ .............................................
४ .............................................
५ ............................................

# रोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक
# ३ नं. प्रदेश, नेपाल

## ठेक्का विवरण

संकलन तथा विक्री रकम जम्मा रु.   ।–

| ठेक्का विवरण | कबोल गरिएको संकलन तथा विक्री रकम (मू.अ.कर बाहेक) | | कबोल गरिएको संकलन तथा बिक्री रकम (मू.अ.कर सहित) | |
|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| | | | | |

<u>निवेदक</u>

नाम थर:-

दस्तखत :-

फर्म वा कम्पनीको नाम :-

ठेगाना :-

छाप :-

# रोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कटुन्जेबेशी, काभ्रेपलान्चोक
# प्रदेश नं. ३, नेपाल

रोशी गाउँपालिका क्षेत्र भित्रको बिक्री तथा निकासी शुल्क दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

## पुनः प्रकाशित सुचना मिति: २०७६।०६।१४

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस गाउँपालिकाबाट आ.व.२०७६/०७७ को सम्झौता भएको मिति देखि २०७७ आषाढ मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकीएको दररेटमा स्वीकृत प्रारम्भीक वातावरणीय परीक्षण प्रतिबेदन (IEE) मा निर्धारित परिमाणमा उत्पादन गरिएका रोडा,ढुंगा,बालुवा,ग्राबेल र माटो आदी बिक्री तथा निकासी शुल्क दस्तुर संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य(मू.अ.क बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| रोशी गाउँपालिका क्षेत्रभित्र | रु ६,११,९३,२०२।५० | ५,०००/- | मु.अ.कर बाहेक |

**<u>शर्तहरु :</u>**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/७७ सम्मको फर्म नविकरण, आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्र पेश गरि सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको राजश्व खाता नं ०३६१५०३१७०७ मा रु. ५०००/- (अक्षरेपी रु. पाँच हजार मात्र) जम्मा गरी PPMO को वेव साईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि १६ औं दिनको १२:००बजेसम्म E-bidding गरी पेश गर्नुपर्ने छ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको धरौटी खाता नं. **०३६१५०३१७२१** मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको

नाममा जारी भएको नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विडवड) पेश गर्नुपर्ने छ ।

३. वोलपत्र फाराम खरिद एंव दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिने छ ।

४. प्राप्त हुन आएका वोलपत्र दर्ता गर्ने म्याद सकिएको दिनको २ बजे प्रस्ताव दर्ताहरु वा निजका प्रतितनिधिहरुको रोहवरमा खोलिनेछ ।

५. नेपाल सरकारका प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा अन्य शुल्कहरु प्रस्तावक स्वयमले तिर्नुपर्नेछ ।

६. ढुंङ्गा, वालुवा, माटोका आदिका कर तथा शूल्क संकलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (विक्री शुल्क) |
|---|---|---|---|---|
| १. | ढुंङ्गा,गिट्टी, वालुवा, स्लेट, माटो, ग्राभेल र रोडा घाटगद्दी एंव बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक ) | प्रति घन फिट | ३ | ६ |
| २. | अम्लिसो, बाँस, आदी | प्रति ट्रक ठूलो | | ५०० |
| ३. | अम्लिसो, बाँस, आदी | प्रति ट्रक सानो | | ३०० |

७. बोलपत्र दाताले BOQ मा आफुले कबुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. यस गाउँपालिकालाई रकम बुझाउँनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन।

९. कुल कवोल अंकलाइ दुई किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कबोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र बाँकी ५० प्रतिशत रकम कार्तिक मसान्त भित्र बुझाउनु पर्ने छ । कुल कबोल अकंका एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा कबोल अंकको ५ प्रतिशतछुट दिन सकिनेछ ।

१०.प्रथम किस्ता बुझाए पछी हुन आउने बाँकी रकममा २०७७ साउन मसान्त सम्म म्याद भएको र नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड ) पेश गर्नु पर्ने छ ।

११.न्यूनतम ठेक्का रकम अनुमान/निर्धारण गर्दा गाउँ क्षेत्रभित्र हाल दर्ता प्रकृयामा रहेका खानी तथा उद्योगहरुको संभावित कारोबारहरुलाई समावेश गरिएको छैन । यस Bid Document मा उल्लेखित क्षेत्रको अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई आएमा र नेपाल सरकारको निर्णय बमोजिम नेपाल सरकार/दातृनिकायद्धारा सञ्चालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माण जन्य सामाग्रीको विक्रिको हकमा सम्बन्धीत आयोजना (स्वीकृत IEE को परिधि भित्र रहि) ले प्रयोग गरेका परिमाणको आधारमा गाउँपालिकाले छुटै रुपमा ठेक्का वन्दोवस्त गर्नेछ ।

१२.सूचना प्रकाशन गर्ने अवधि १५ दिनको हुने, मूल्याङ्कन अवधि ३ दिन, आसयको सुचना ७ दिन हुने हुँदा तंत् समयलाई लाग्ने समय एकिनगरि रकम प्रस्ताव गर्ने । वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा सम्झौता गरिसक्नु पर्नेछ ।यस अवधिलाइ आधार बनाइ सम्झौता पुर्वको रकम दावी गर्न नपाइने।

१३.ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन।बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकमा १० प्रतिशत ब्याज जोडी असुल उपर गरिनेछ ।यसरी ठेक्का तोडि बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१४.सेवा शुल्क कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ।त्यस सम्वन्धमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन, साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वयंले बुझाउनुपर्नेछ।

१५.परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदी का कारणले केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्न पाइने छैन।कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार हुने छैन।

१६.यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मान्यता दिइने छैन ।

१७. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१८. यस सूचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

१९. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

२०. यस सम्बन्धमा थप जानकारी रोशी गाउँपालिकाको कार्यालय, कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक बाट प्राप्त गर्न सकिने छ ।

२१.आ.व. ०७६/०७७ का लागि कर संकलन शुरु मिति सम्झौतामा उल्लेखित भए अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**